अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

पौवादुङमा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः-९ संख्याः- ०३ मितिः-२०८२/०३/०९

## भाग-१

## पौवादुङमा गाउँपालिका

कर्मचारी कल्याण कोष संचालन तथा व्यवस्थापन ऐन, २०८२

प्रस्तावना

संघीयता कार्यान्वयन पश्चात् जारी भएको स्थानीय सरकार संचालन ऐनको दफा ९१ बमोजिम स्थानीयतहले स्थानीय सेवाका कर्मचारीहरु अवकाश हुँदा दिनुपर्ने उपदान, उपचार खर्च, आर्थिक सहायता र ऋण लगायतका सुविधाहरु उपलब्ध गराउने प्रयोजनका लागि कर्मचारी कल्याण कोषको स्थापना गर्न बाञ्छनीय भएकोले एक अवकाश कोषको व्यवस्था गर्नुपर्ने प्रावधान राखेको छ । कर्मचारी कल्याण कोषमा जम्मा हुने रकमको संरक्षण, कल्याण कोषको रकमको परिचालन, बृद्धि, उपयोग र सञ्चालन गर्ने विधिमा स्पष्टता ल्याउन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी पौवादुङमा गाउँपालिकाबाट कर्मचारी कल्याण कोष सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०८२तयार गरी लागू गरिएको छ ।

परिच्छेद- १
संक्षिप्त नाम र प्रारम्भ एवं उद्देश्य

१. सक्षिप्त नाम र प्रारम्भः (१) यो ऐनको नाम “कर्मचारी कल्याण कोष सञ्चालन तथा व्यवस्थापन ऐन, २०८२” रहेको छ ।

(२) यो ऐन पौवादुङमा गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “आर्थिक वर्ष” भन्नाले श्रावण एक गतेदेखि आषाढ मसान्तसम्मको अवधि सम्झनु पर्दछ ।

(ख) “कर्मचारी” भन्नाले पौवादुङमा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा स्वीकृत दरबन्दी तेरीज अनुसारको पदमा समायोजन/पदस्थापना भई कार्यरत रहेका स्थानीय सेवाका स्थायी कर्मचारीलाई सम्झनु पर्दछ ।

(ग) “कार्यपालिका” भन्नाले पौवादुङमा गाउँपालिकालाई सम्झनु पर्दछ ।

(घ) “ऐन” भन्नाले पौवादुङमा गाउँपालिकाको कर्मचारी कल्याण कोष सञ्चालन तथा व्यवस्थापन ऐन, २०८२ सम्झनु पर्दछ ।

(ङ) “कोष” भन्नाले यस गाउपालिकाले कर्मचारी संचय कोषको “सार्वजनिक निकायका कर्मचारीको निबृत्तभरण तथा उपदान कोष संचालन विनियमावली, २०८१” बमोजिमको कोष सम्झनु पर्दछ ।

(च) “तोकिए” वा “तोकिए बमोजिम” भन्नाले पौवादुङमा गाउँपालिकाको गाउँकार्यपालिकाले निर्णय गरी समय समयमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(छ) “गाउँपालिका” भन्नाले पौवादुङमा गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ज) “प्रमुख” भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(झ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ञ) “संघीय ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ ।

(ट) “ऐन” भन्नाले “स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०” सम्झनु पर्दछ ।

(ठ) “सञ्चालक समिति” भन्नाले कोष सञ्चालनका लागि गठन भएको सञ्चालक समितिलाई सम्झनु पर्दछ ।

(ड) “सभा” भन्नाले गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्दछ ।

(ढ) “सेवाबाट अलग” भन्नाले गाउँ कार्यपालिकाको कार्यालयको सेवाबाट अवकाश प्राप्त गरेको, अन्यकुनै कारणले नोकरीबाट अलग भएको र बढुवा वा प्रतिस्प्रर्धात्मक परीक्षामा उर्त्तिण भई प्रदेश वा संघिय निजामती वा सरकारी सेवामा गएको अवस्था सम्झनु पर्दछ ।

(ण) “एकाघरको परिवार” भन्नाले सम्बन्धित कर्मचारीको आमा, वुवा, पति वा पत्नी, नाबालक भाई बहिनी र छोराछारीलाई सम्झनु पर्दछ ।

(त) “सेवा अवधी” भन्नाले दफा ३१ बमोजिम सम्झनु पर्दछ ।

## परिच्छेद : २

## कल्याण कोषको स्थापना, उद्देश्य तथा प्रयोग सम्बन्धी व्यवस्था

३. कल्याण कोषको स्थापना : (१) गाउँपालिका कर्मचारी कल्याण कोष (सञ्चालन) प्रयोजनका लागि पौवादुङमा गाउँपालिकाले कर्मचारी संचय कोषको सार्वजनिक तहका कर्मचारीको निबृत्तभरण, उपचार खर्च तथा उपदान कोष संचालन विनियमावली, २०८१ बमोजिमको कोष रहने छ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने कोषमा गाउँपालिकाबाट प्रत्येक आर्थिक वर्षमा कम्तीमा एकमुष्ठ रु. २० लाख रकम जम्मा गरिनेछ ।

(३) माथि उल्लेखित रकम बाहेक उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम जम्मा गर्न सकिने छ ।

(क) कर्मचारी कल्याण कोषको लागि गाउँपालिकाले छुट्याएको बार्षिक रकम,

(ख) अन्य निकायबाट गाउँपालिकाको उक्तकोषलाई अनुदान स्वरुप प्राप्त रकम,

(ग) कुनै व्यक्ति, संस्था वा निकाय द्वारा कोषलाई प्राप्त हुने सहयोग वा अनुदान रकम,

(घ) कोषमा रहेको रकमबाट प्राप्त सावा र ब्याज रकम,

(ङ) कोषको लगानीबाट प्राप्त मुनाफा, रोयल्टी, सावा फिर्ता, मुनाफाको व्याज वापतको रकम,

(च) कर्मचारीलाई सुविधा दिने प्रयोजनका लागि गाउँपालिकाले विनियोजन गरेको अन्य प्रकारको रकम,

४. सदस्यता : (१) गाउँसभाले स्वीकृत गरेको दरवन्दी तेरीज अनुसारका पदमा कार्यरत रहेका स्थानीय सेवा तर्फका स्थायी कर्मचारी स्वत : कल्याण कोषको सदस्य हुने छन् ।

(२) उपदफा (१) बमोजिम प्राप्त सदस्यता प्राप्त त्यस्तो कर्मचारी जुनसुकै कारणबाट सेवानिवृत्त भएपछि सदस्यता स्वत : समाप्ति हुनेछ ।

५. कोषको उद्देश्य : (१) स्थानीय तहका स्थायी कर्मचारीहरुलाई प्रचलित कानून र यस ऐन बमोजिम प्राप्त हुने उपदान, उपचार खर्च, आर्थिक सहायता र ऋण सहायता लगायतका सुविधा प्रदान गर्नु कोषको उद्देश्य हुनेछ ।

(२) कर्मचारी बिरामी भई वा दुर्घटना वा प्राकृतिक विपत्तीमा परी उसको जीवनमा क्षतीपुगेको अवस्थामा आर्थिक सहायता र ऋण सहायता मार्फत निजको सामाजिक सुरक्षाको प्रत्याभुती गर्नु यस कोषको उद्देश्य हुनेछ ।

६. कोषको प्रयोग : देहायबमोजिमको कामका लागि कोषको रकम प्रयोग गर्न सकिने छ ।

(१) स्थानीय सेवातर्फका स्थायी कर्मचारी जुनसुकै तवरले सेवाबाट अलग भएको अवस्थामा प्रचलित कानूनी व्यवस्था अनुसार उपदान, उपचार खर्च सुविधा पाउने भएमा सो सुविधा "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०" मा व्यवस्था भए बमोजिम यसै कोषबाट भुक्तानीको व्यवस्था गरिनेछ। तर कोषमा भूक्तानीको लागि प्रयाप्त रकमको अभाव भएको अवस्थामा संघीय र प्रदेश कानून बमोजिम अन्य कोषबाट व्यहोर्ने व्यवस्था भएमा सोही बमोजिम हुनेछ।

(२) स्थानीय तहका कर्मचारी जुनसुकै तवरले सेवाबाट अलग भएमा दफा ८ बमोजिम सञ्चित घर विदा र विरामी विदा वापत बापतको रकम उपलब्ध गराउन।

(३) दफा ९ (१) मा उल्लेख भए बमोजिम कर्मचारी मृत्यु हुँदा, सेवाबाट निवृत हुँदा र विरामी, दुर्घटना प्राकृतिक विपद्मा पर्दाको बखत आर्थिक सहायता उपलब्ध गराउन।

(४) दफा १० मा उल्लेख भए बमोजिम कर्मचारीलाई ऋण सुविधा उपलब्ध गराउन।

(५) स्थानीय सेवा तर्फका कर्मचारीहरुको सेवा सुविधा सम्बन्धमा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० मा व्यवस्था गरे बमोजिम हुनेछ।

७. दफा ६ को उपदफा ५ को प्रयोजनको लागि स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० तथा अव बन्ने नियमावलीमा व्यवस्था भएबमोजिमको निर्णय संघीय सरकार वा प्रदेश सरकार वा गाउँकार्यपालिकाबाट नियमानुसार गठित हुने सञ्चालक समिति र मेडिकल बोर्ड मार्फत गरिनेछ।

८. कर्मचारीको सञ्चित घर विदा र विरामी विदा बापत सुविधा पाउने,

(१) यो ऐन बमोजिम जम्मा भएको रकमबाट गाउँपालिकामा कार्यरत स्थानीय तहका स्थायी कर्मचारीले प्रचलित कानून बमोजिम सञ्चित घर विदा र विरामी विदा सुविधा वापतको रकम यसै कोषबाट प्रदान गरिने छ।

९. (१) कोषबाट निम्न अवस्थामा देहायको आर्थिक सहायता उपलब्ध गराईनेछ।

(क) बिरामी हुँदा बिरामी उपचार सहायता : कर्मचारी वा निजको एकाघरको परिवार गम्भिर बिरामी भई सल्यक्रिया वा उपचार गर्दा निजको सुरु तलब स्केलको २ महिनाको तलब भन्दा बढी खर्च लागेमा सञ्चालक समितिको निर्णयबाट उपचार खर्च पुष्ट्याईको आधारमा एकमुष्ठ रुपमा निजको सुरु मासिक तलब स्केलको १५ गुणासम्मको रकम बिरामी उपचार सहायता वापत उपलब्ध गराउन सकिनेछ।

(ख) दुर्घटना उपचार सहायता : कर्मचारी दुर्घटना वा प्राकृतिक विपत्तीमा परी उपचार गर्नु पर्दा सञ्चालक समितिको निर्णयबाट उपचार खर्च पुष्ट्याईको आधारमा निजको सुरु तलब स्केलको १ महिनाको तलब भन्दा बढी खर्च लागेमा सञ्चालक समितिको निर्णयबाट उपचार खर्च पुष्ट्याईको आधारमा एकमुष्ठ रुपमा निजको सुरु मासिक तलब स्केलको १० गुणासम्मको रकम दुर्घटना उपचार सहायता वापत उपलब्ध गराउन सकिनेछ।

(ग) मृत्यु हुँदा सन्तति शैक्षिक विमा सहायता : पौवादुङमा गाउँपालिकाको सेवामा वहाल रहेको अवस्थामा कुनै कर्मचारीको मृत्यु भएमा कर्मचारीको नाबालक सन्ततीहरुलाई सन्तति शैक्षिक विमा सहायता उपलब्ध गराईनेछ। जुन रकम मुद्दती खाता (Fixed Deposit) को रुपमा सन्ततीहरुको संयुक्त खाता खोली सञ्चालक समितिले तोकेको बैंकमा जम्मा गरिनेछ र उक्त

सञ्चित रकम सन्ततीहरु मध्ये सबै भन्दा कम उमेरको सन्तान १८ वर्ष उमेर पुरा भएपछि मात्र निजहरुले प्राप्त गर्ने गरी व्यवस्था गरिनेछ । सहायता प्रदान गरिने रकम अनुसूची १ बमोजिम हुनेछ ।

(घ) सेवाबाट अलग हुँदा विशेष सम्मान सहायता : कुनै कर्मचारी पौवादुङमा गाउँपालिकाको सेवाबाट अलग हुँदा अनुसूची १ बमोजिम सहायता रकम प्रदान गरिनेछ ।

(ङ) परिवारलाई क्रिया खर्च सहायता : कुनै कर्मचारी सेवामा बहाल रहेको बखत निधन भएमा निजको परिवारलाई एकपुष्ठ क्रिया खर्च सहायता वापत निजको सुरु तलब स्केलको एक महिना बराबरको रकम उपलब्ध गराईनेछ ।

(२) उपदफा (१) बमोजिमको सहायता प्राप्त गर्न निम्न योग्यता पुगेको हुनु पर्दछ :

(क) उपदफा (१) को (क) र (ख) उपदफाको पौवादुङमा गाउँपालिकामा अविच्छिन्न रुपमा १ वर्ष भन्दा बढी सेवा अवधी पुरा गरेको ।

(ख) उपदफा (१) को (ग) उप दफाको लागि पौवादुङमा गाउँपालिकामा अविच्छिन्न रुपमा ३ वर्ष भन्दा बढी सेवा अवधी पुरा गरेको ।

(ग) उपदफा (१) को (घ) उपदफाको लागि पौवादुङमा गाउँपालिकामा स्थायी कर्मचारीको हकमा अविच्छिन्न रुपमा ३ वर्ष भन्दा बढी सेवा अवधी पुरा गरेको ।

(घ) तर दफा ६ को उपदफा ५ बमोजिम स्थायी कर्मचारीलाई सुविधाउपलब्ध गराउन यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

१०) कोषबाट कर्मचारीहरुलाई ऋण सहायता :

(क) कोषबाट कर्मचारी र निजको एकाघरको परिवारलाई असाध्य वा जटिल वा घातक र औषधी उपचार गर्न बढी खर्च लाग्ने रोग लागेको अवस्थामा औषधी उपचार ऋण सहायता , घर बनाउन र घर किन्नका लागि घर ऋण सहायता र जग्गा किन्नका लागि जग्गा ऋण सहायता उपलबध गराईनेछ ।

(ख) यस उपदफाको सुविधा पौवादुङमा गाउँपालिकाको स्थानीय सेवाका योग्य स्थायी कर्मचारीहरुलाई मात्र उपलब्ध गराईनेछ । औषधी उपचार ऋण सहायताका लागि गाउँपालिकाको सेवामा कम्तीमा २ वर्ष सेवा अवधी पुरा गरेको कर्मचारी योग्य हुनेछ । घर ऋण सहायता वा जग्गा ऋण सहायताका लागि गाउँपालिकाको स्थायी सेवामा कम्तीमा १० वर्ष सेवा गरेको उमेरहदका कारण अवकाश हुन कम्तीमा ५ वर्षभन्दा बढी सेवा अवधी बाँकी रहेको स्थायी कर्मचारी योग्य हुनेछ ।

(ग) कर्मचारीलाई उपलब्ध गराईने ऋण सहायता अधिकत निजको एक महिनाको सुरु तलब स्केलको १४४ गुणा सम्म हुनेछ ।

(घ) ऋण सहायता वापत उपलब्ध गराईएको रकममा वार्षिक रुपमा अधिकतम २ प्रतिशत व्याज लगाईनेछ । कर्मचारीको मासिक तलबबाट केहि रकम ऋण सहायताको व्याज वापत र सावा फिर्ता वापत गरि नियमित रुपमा कट्टी गरी कोषमा जम्मा गरिनेछ । यसरी जम्मा गर्दा निजको तलबको सुरु स्केलको ५० प्रतिशत भन्दा कम हुने गरी मात्र कट्टा गर्न पाईनेछ । कर्मचारीले सो भन्दा बढी रकम कट्टा गर्न मञ्जुरी दिएमा सोही बमोजिम कट्टा गरिनेछ ।

(ङ) कर्मचारी सेवाबाट अलग हुँदा सम्म निजले ऋण सहायता वापत प्राप्त गरेको ऋणको सावा वा व्याज वा दुवै असुल हुन बाँकी रहेमा निजले उपदान वा उपचार खर्च वा नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाबाट अन्य कुनै रकम, सम्पत्ति वा सुविधा पाउने भएमा सो बाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ । तर यस गाउँपालिकाको सेवाको पदबाट संघीय सरकारी सेवा,

प्रदेश सरकारी सेवा, अन्य स्थानीय सेवा वा नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाको पदमा स्थायी नियुक्ति भई गएको कर्मचारीको हकमा निजले पाउने मासिक तलबबाट नियमित रुपमा यस कोषमा व्याज र सावा फिर्ता वापतको रकम जम्मा हुने व्यवस्था मिलाउनु सम्बन्धित कर्मचारीको कर्तव्य हुनेछ । यसका लागि गाउँपालिकाले आवश्यक समन्वय गरिदिन सक्नेछ । यसरी पनि असुल उपर हुन नसकेमा गाउँपालिकाले अन्य उपयुक्त उपाय मार्फत असुल गर्ने व्यवस्था मिलाउने छ ।

(च) एक कर्मचारीलाई घर किन्न, जग्गा किन्न वा घर बनाउनका लागि जीवन भरमा एक पटकमात्र ऋण सहायता उपलब्ध गराईनेछ ।

(छ) अघिल्लो ऋण सहायता वापतको रकम चुक्ता नगर्दै दोश्रो कुनै ऋण सहायता उपलब्ध गराईने छैन ।

(ज) कोषबाट लाभ प्राप्त गर्ने अधिकृत स्तरको माथिल्लो पदको एक कर्मचारीहरुको मासिक तलब स्केलको जोडको १४४ गुणा कोषबाट नघट्ने गरी मात्र घर ऋण सहायता वा जग्गा ऋण सहायता उपलब्ध गराईनेछ ।

(झ) औषधी उपचार ऋण सहायता उपलब्ध गराईएको कर्मचारी सदाको लागि काम गर्न नसक्ने भएका कारण वा निजको भागमा ऋण चुक्ता गर्न कुनै सम्पत्ति जाय जेथा वा त्यस्तो सम्पत्तिको बेचबिखनबाट समेत ऋण खाम्ने मुल्य अपुग भएका कारण वा निजबाट निजको दुर्बलता वा गरिबीका कारण ऋण चुक्ता नुहुने अवस्था भएमा आंशिक वा पूर्ण रुपमा ऋण को सावा वा व्याज वा दुवै छुट दिन सकिनेछ । तर निज कर्मचारी वा निजको सम्पत्ति वा निजलाई प्राप्तहुने अंश वा निजको दायित्वबोध गर्ने परिवारबाट ऋण चुक्ता हुने अवस्थामा ऋण छुट दिन पाईने छैन । ऋण छुटको निर्णय सञ्चालक समितिको सिफारिसमा र कार्यपालिकाको निर्णय भई गाउँ सभाबाट हुनेछ ।

(ञ) ऋण सहायताको दुरुपयोग गरेको प्रमाणित भएमा ऋण सहायता प्राप्त गर्ने कर्मचारीलाई र दुरुपयोग हुने सम्भावना हुँदाहुँदै ऋण सहायताको सिफारिस गरेको प्रमाणित भएमा सञ्चालक समितिका सदस्यहरुलाई गाउँकार्यपालिकाले आवश्यक कारवाही गर्नु पर्दछ र सम्बन्धित निकायमा थप अनुसन्धान र कारवाहीका लागि सिफारिस गरि पठाउनु पर्नेछ ।

(ट) कोषबाट कर्मचारीहरुलाई ऋण सहायता उपलब्ध गराउने सम्बन्धी मापदण्ड, प्राथमिकता निर्धारण र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११. जम्मा रकम फिर्ता पाउने : दफा (३) को उपदफा (३) बमोजिम नियमित रुपमा कोषमा रकम जम्मा गर्ने कर्मचारी सेवाबाट अलग हुँदासम्म यस कोषबाट पाउने कुनैपनि सुविधा नपाएको वा पाएकोमा आफुले जम्मा गरेको भन्दाकम रकममात्र सुविधाको रुपमा पाएको रहेछ भने त्यसरी जम्मा गरेको रकम वा कम भएको रकम निजलाई सेवाबाट अलग हुँदा एकमुष्ठ रुपमा प्रदान गरिनेछ ।

१२. सुविधा तथा सहुलियतबाट बञ्चित गरिने अवस्था : देहायको अवस्थामा गाउँपालिकाका स्थायी कर्मचारीलाई पूरै वा आंशिक रुपमा कर्मचारी कल्याण कोष अन्तर्गत सञ्चालित कार्यक्रममा दिइने सुविधाबाट बञ्चित गर्न सकिने छ ।

(क) प्रचलित कानूनले जघन्य अपराध मानेको काम गरेको प्रमाणित भएमा,

(ख) यस ऐन बमोजिम प्राप्त सुविधा दुरुपयोग गरेको प्रमाणित भएमा,

(ग) नैतिकपतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा,

(घ) कारवाही स्वरुप सेवाबाट बर्खास्त गरिएको भएमा,

१३. जुनसुकै शीर्षकबाट भुक्तानी हुने : कर्मचारी अवकाश हुँदा वा अन्य कारणले ती कर्मचारीलाई रकम उपलब्ध गराउनु पर्ने अवस्थामा कोषमा रकमको अभाव वा कमी भएमा अन्य जुनसुकै शीर्षकबाट कर्मचारी कल्याण कोषमा बजेट रकमान्तर गरी भुक्तानी गरिने छ । तर घर ऋण सहायता र जग्गा ऋण सहायता उपलब्ध गराउन यो दफा लागू हुने छैन ।

१४. कोषको प्रयोग गर्न नपाइने : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायको प्रयोजनका लागि कोषमा जम्मा भएको रकम खर्च गर्न पाइने छैन,

(क) नियमित प्रशासनिक कार्यमा खर्च गर्न,

(ख) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई तलब, भत्ता वा अन्य सुविधा उपलब्ध गराउन,

(ग) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

(घ) कुनै पनि प्रकारको चन्दा, पुरस्कार, उपहार वा आर्थिक सहायता उपलब्ध गराउन,

(ङ) गोष्ठी, अन्तरकृया वा सभा सम्मेलन सञ्चालन गर्न,

(च) कुनै पनि पूर्वाधार निमार्णको काम गर्न गराउन,

(छ) दफा (५) र (६) को प्रतिकुल हुने गरी अन्य कुनै प्रकारको शिर्षकमा खर्च गर्न,

## परिच्छेद : ३
## सञ्चालक समिति गठन र बैठक प्रकिया

१५. सञ्चालक समिति : (१) कर्मचारी कल्याण कोषको सञ्चालन तथा व्यवस्थापनका लागि एक सञ्चालक समिति रहने छ ।

(२) उपदफा (१) बमोजिम कर्मचारी कल्याण कोषको सञ्चालन तथा व्यवस्थापन समितिमा गाउँ कार्यपालिका सञ्चालन समिति रहनेछ ।

१६. सञ्चालक समितिको बैठक : (१) बैठकको निर्णय सामान्यतया सर्व सम्मतिबाट गरिने छ । सर्व सम्मती कायम हुन नसकेमा कुल कायम रहेको सदस्य संख्या दुई तिहाई बहुमतको निर्णयलाई सञ्चालक समितिको निर्णय मानिने छ ।

(२) सञ्चालक समितिको बैठकको काम कारबाही तथा निर्णय अध्यक्ष बाहेक अन्य कुनै पद रिक्त भएको वा कुनै सदस्यको अनुपस्थित भएको कारणले अमान्य हुने छैन ।

(३) सञ्चालक समितिले वित्तिय व्यवस्थापनको ज्ञान भएको कुनै कर्मचारी वा विशेषज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ तर आमन्त्रित सदस्यको मताधिकार रहने छैन ।

(४) सञ्चालक समितिको बैठक आवश्यकतानुसार बस्न सक्नेछ । अध्यक्षको अनुमतिमा प्रमुख प्रशासकीय अधिकृतले बैठक आह्वान गर्नेछ ।

१७. सञ्चालक समिति र समितिका पदाधिकारीको काम, कर्तव्य र अधिकार :

(१) बैठकबाट पारित निर्णय कार्यान्वयन गर्ने,

(२) गाउँ सभा, कार्यपालिका र पदाधिकारीसँग समन्वय राखी कोषका लागि आर्थिक स्रोत जुटाउन प्रयास गर्ने,

(३) कोषको आयबृद्धि गर्न विविध कार्यक्रम सञ्चालन गर्ने,

(४) कोष सञ्चालनका समय सापेक्ष नीति, ऐन, नियमको पहिचान गरी गाउँसभा र गाउँकार्यपालिकालाई कानून बनाउन सिफारिस र सहयोग गर्ने,

(५) हरेक आर्थिक वर्षको हर हिसाबको लेखापरीक्षण गर्ने गराउने व्यवस्था मिलाउने,

(६) कोष सञ्चालन सम्बन्धी हिसाव किताब दुरुस्त राख्न लगाउने,

१८. समितिका सदस्य तथा कर्मचारीको उत्तर दायित्व : (१) कोष सञ्चालक समितिका सदस्य तथा कर्मचारीले यस ऐनको उद्देश्य विपरीत हुने गरी कोषको वितरणमा भेदभाव गर्न वा कोषको दुरुपयोग गर्न पाउने छैन ।

(२) उपदफा (१) को प्रतिकूल हुने गरी काम गरेको प्रमाणित भएमा त्यस्तो कार्यमा संलग्न समितिका सदस्य वा कर्मचारीले पाउने सुविधा रकमबाट जफत गर्न सकिने छ ।

## परिच्छेद : ४
## कोषको सञ्चालन, लेखा तथा लेखा परीक्षण

१९. कोषको खाता सञ्चालन : (१) गाउँपालिकाले कर्मचारी कल्याण कोषका लागि "सार्वजनिक निकायका कर्मचारीको निबृत्तभरण तथा उपदान कोष सञ्चालन विनियमावली, २०८१" बमोजिम कर्मचारी सञ्चय कोष मार्फत सञ्चालन हुनेछ ।

२०. भूक्तानीको व्यवस्था : सेवा अवधी गणना गरी गाउँ कार्यपालिकाको निर्णय सहित कार्यालयको सिफारिसमा कर्मचारी सञ्चय कोषबाट एकमुष्ठ भुक्तानीको व्यवस्था हुनेछ ।

२१. कोषको आयव्ययको लेखा तथा सोको सार्वजनिकीकरण : (१) कोषको आयव्ययको लेखा प्रचलित कानून बमोजिम राखिने छ ।

(२) कोषले कार्यपालिकाले तोके बमोजिम आन्तरीक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ ।

(३) आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र बार्षिक आयव्ययको विवरण समेत खुल्ने गरी वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत गाउँसभा समक्ष पेश गर्नु पर्नेछ ।

२२. लेखापरीक्षण : (१) कोषको आन्तरीक लेखा परीक्षण गाउँपालिकाको आन्तरीक लेखा परिक्षकले गर्नेछ ।

(२) कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

(३) लेखापरीक्षण प्रतिवेदन गाउँ कार्यपालिका मार्फत गाउँ सभामा पेश गर्नु पर्नेछ ।

## परिच्छेद ५ : विविध

२३. दफा ७ बमोजिमको सिफारिस गर्न देहायका सदस्य सहितको समिति रहनेछ । यस समितिले सर्वसम्मतिले निर्णय गर्नेछ । गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुखले यस समितिको सदस्य सचिवको रुपमा काम गर्नेछ । कम्तीमा एक जना डाक्टर सदस्यको उपस्थिति बिना बैठक बस्न र निर्णय गर्न पाइने छैन । दफा ९ को उपदफा १ (क) र १ (ख) को प्रयोजनका लागि कर्मचारीको सुरु तलब स्केलको मासिक तलबको ५ गुणा भन्दा बढी रकम उपलब्ध गराउनुपर्ने भएमा सञ्चालक समितिले अनिवार्य रुपमा यस समितिको सिफारिस बमोजिम मात्र सुविधा उपलब्ध गराउने निर्णय गर्न सक्नेछ ।

(क) गाउँपालिका प्रमुख/अध्यक्ष - सञ्चालक समितिको - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) सञ्चालक समितिको सिफारिसमा गाउँपालिकाले मनोनयन गरेका प्रचलित कानून बमोजिम चिकित्सकको रुपमा दर्ता भएका १ जना डाक्टर - सदस्य

(घ) स्वास्थ्य शाखा प्रमुख - सदस्य

(ङ) प्रशासन शाखा प्रमुख - सदस्य सचिव

२४. निर्देशन दिन सक्ने : कोष सञ्चालन सम्बन्धी विषयमा गाउँकार्यपालिकाले यस ऐनको प्रतिकुल नहुने गरी सञ्चालक समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशन पालन गर्नु समितिको कर्तव्य हुनेछ ।

२५. सहयोगका लागि आव्हान गर्न सक्ने : कुनै कारणले कर्मचारी कल्याण कोषमा रकम अभाव भई भुक्तानी गर्न समस्या उत्पन्न भएमा सञ्चालक समितिले गाउँपालिकालाई र गाउँपालिकाले प्रदेश तथा केन्द्र सरकार समक्ष सहयोगका लागि आव्हान गर्ने सक्नेछ ।

२६. दायित्व सर्ने : यो ऐन प्रारम्भ हुनु भन्दा अघि सिर्जना भएका गाउँपालिकाको कर्मचारी कल्याण कोषसँग सम्बन्धित हक तथा दायित्व यस ऐन बमोजिम कोषमा सर्नेछ । स्थानीय तह तर्फका कर्मचारीले पाउने सेवा सुविधा सम्बन्धमा संघ र प्रदेश सरकारको ऐन वा मापदण्ड बमोजिम कर्मचारीको सेवा सुविधाको लागि स्थानीय कोषको व्यवस्था गर्नु पर्ने भएमा यस कोषलाई उक्त कोषमा बदल्न र अन्य कोषहरुबाट यस कोषमा रकम जम्मा गर्न सकिनेछ । त्यसरी अन्य कोषबाट यस कोषमा रकम जम्मा भई आएमा उक्त कोषको दायित्व समेत यस कोषमा सरेको मानिनेछ ।

२७. बचाउ : यो ऐन प्रारम्भ हुनु भन्दा अघि गाउँपालिकाको कर्मचारी कल्याण कोषको नाममा भए गरेका सम्पूर्ण कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिने छ । स्थायी प्रकृतिका अन्य कर्मचारी कल्याण कोषको हकमा संघीय वा प्रदेश कानून नबन्दा सम्म यसै ऐनमा व्यवस्था भए बमोजिम कार्यविधि निमार्ण गरी कार्यान्वयनमा लगिने छ ।

२८. नियमावली र मापदण्ड बनाउन सक्ने : यस ऐनको उद्देश्य र मुख्य प्रावधानहरु प्रतिकुल नहुने गरी सहज रुपमा कार्य सञ्चालन गर्न सञ्चालक समितिको सिफारिसमा गाउँकार्यपालिकाले नियमावली, मापदण्ड बनाई कार्यान्वयन गर्न सक्नेछ ।

२९. सेवा अवधि : (क) सेवा अवधी भन्नाले तत्कालिन जिल्ला विकास समिति र गाउँ विकास समितिमा कार्यरत रही कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम यस गाउँपालिकाको स्थायी दरबन्दीमा समायोजन भएका वा अन्य गाउँपालिका वा नगरपालिकाबाट सरुवा समायोजन भई आएको र पौवादुङमा गाउँपालिका स्थापना भए पश्चात यस गाउँपालिकाको सेवामा रहेको अवधी सम्झनु पर्छ ।

(ख) स्थायी सेवाका कर्मचारीको प्रचलित कानून बमोजिमका उपदान, उपचार खर्च, घरविदा सञ्चिती र विरामी विदा सञ्चिती लगाएतको गणना प्रयोजनको लागि "स्थानीय सरकारी सेवा -गठन तथा सञ्चालन) ऐन, २०८० मा व्यवस्था भए बमोजिम सम्झनु पर्छ ।

(ग) अन्य कानूनमा स्पष्ट व्यवस्था भएकोमा बाहेक साविकका जुनसुकै स्थानीय तहमा स्थायी नियुक्ति भई कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम यस गाउँपालिकाको स्थायी दरबन्दीमा समायोजन भएका वा अन्य गाउँपालिका वा नगरपालिकामा समायोजन भएको भएता पनि लोक सेवाबाट माथिल्लो पदमा सिफारिस भई यस गाउँपालिकाको पदमा स्थायी नियुक्ति भएका वा लोक सेवा आयोगको सिफारिस बमोजिम अन्य स्थानीय तहमा नियुक्ति भएको तर यस गाउँपालिकामा सरुवा भई आएका कर्मचारीको प्रचलित कानुन बमोजिम उपदान, उपचार खर्च तथा सञ्चित घर विदा र विरामी विदा लगायतका सुविधा उपलब्ध गराउने प्रयोजनको लागि सेवा अवधि गणना गर्दा निजले साविकको स्थानीय तहको सेवालाई पनि गणना गरिनेछ र सुविधा प्रदान गरिनेछ । तर निजले साविकका कार्यालयबाट सुविधाहरू प्राप्त गरेको हुनु हुदैन ।

३०. संशोधन : यस ऐनमा भएको कुनै पनि दफा संसोधन गर्ने अधिकार गाउँसभामा रहने छ ।

अनुसूची १

दफा ६ को उपदफा (३) सँग सम्बन्धित

| क्र. सं. | सहायताको प्रकार | | | |
|---|---|---|---|---|
| | सेवाबाट अलग हुँदा विशेष सम्मान सहायता | | मृत्यु हुँदा सन्तती शैक्षिकविमा सहायता | |
| | सेवा अवधि | सहायता रकम | | |
| १ | ३ देखि ६ वर्ष | सेवा गरेको पूर्ण वर्षको संख्यालाई खाईपाई आएको सुरु तलब स्केलको ५० प्रतिशतले गणना गर्दा हुनआउने रकम | श्रेणी विहिनतथा सहायकस्तरका स्थायीकर्मचारीहरुको हकमा | सुरु तलब स्केलको १५ महिना बराबरको तलबले हुनआउने रकम |
| २ | ७ देखि ११ वर्ष | सेवा गरेको पूर्ण वर्षको संख्यालाई खाईपाई आएको सुरु तलब स्केलको ६० प्रतिशतले गणना गर्दा हुनआउने रकम | अधिकृत स्तरका स्थायीकर्मचारीहरुको हकमा | सुरु तलब स्केलको १२ महिना बराबरको तलबले हुनआउने रकम |
| ३ | १२ देखि १५ वर्ष | सेवा गरेको पूर्ण वर्षको संख्यालाई खाईपाई आएको सुरु तलब स्केलको ७० प्रतिशतले गणना गर्दा हुनआउने रकम | सेवाकाकर्मचारीहरुको हकमा | सुरु तलब स्केलको ६ महिना बराबरको तलबले हुनआउने रकम |
| ४ | १६ वर्ष देखि बढी | सेवा गरेको पूर्ण वर्षको संख्यालाई खाईपाई आएको सुरु तलब स्केलको ७५ प्रतिशतले गणना गर्दा हुन आउने रकम । | | |

आज्ञाले,

नविन भट्टराई

प्रमुख प्रशासकीय अधिकृत